२०१९
NJ: NUTA

# नेपालमा ऋषिमुनिका आश्रम

**लोकनाथ दुलाल**
संस्कृति विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
**Email**: dulalloknath@gmail.com

**लेखसार**

*नेपाल तीर्थहरूको मुहान मानिन्छ । यो पुण्यभूमिभित्र विश्वास गरिएका र ख्याति कमाएका धेरै तीर्थस्थलहरू छन् । जङ्गमतीर्थ, मानसतीर्थ र भौमतीर्थ यी त्रिविध तीर्थको कमी यहाँ छैन । यहाँ ऋषिमुनि तथा सिद्धहरूले लामो समयसम्म साधना गरेका, ज्ञान बाँडेका एवम् सिद्धिप्राप्त गरेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमजस्ता पुरातात्त्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वका स्थलहरू छन् । ती सबै तीर्थस्थलअन्तर्गत पर्ने सम्पदा हुन् । यो पुण्यभूमिमा सत्य, त्रेता र द्वापर युगमा ऋषिमहर्षिहरूले साधना गरी ज्ञान उत्पादन गरेको मानिन्छ । प्राप्त ज्ञानले दुनियाँलाई दीक्षित बनाए । ऋषिमहर्षि तथा सिद्धहरूले योगसाधना, ज्ञान तथा साहित्य सिर्जना, ज्ञान प्रवर्द्धन एवं वितरण गरेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमहरूको सङ्ख्या यहाँ धेरै छन् भन्ने मान्यता रहेको छ ।कतिपय यस्ता स्थलहरू अझसम्म पनि प्रकाशित हुनसकेका छैनन् । नेपालमा दसवटा स्थान विश्वसम्पदा सूचीमा सूचीकृत छन् । दुर्भाग्यवश यी पुण्यभूमिमध्ये कुनै एक स्थान पनि विश्वसम्पदा सूचीमा सूचीकृत हुनसकेका छैनन् । ऋषिमुनि तथा सिद्धहरूसँग सम्बन्धित त्यस्ता स्थलहरू आज बेखबर छन् । अध्ययन अनुसन्धानकर्ताको ध्यान पर्याप्त रूपमा त्यसतर्फ पुग्न सकेको देखिँदैन । यसलाई शोधखोजको क्षेत्रमा देखिएको एउटा उल्लेख्य समस्या ठानिएको छ । अतः यो प्राज्ञिक खाँचो आंशिक रूपमा भए तापनि सम्बोधन तथा परिपूर्ति गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । यो अध्ययन प्राथमिक तथा द्वितीयक तथ्याङ्कमा आधारित छ ।यस लेखमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरू सङ्कलन तथा विश्लेषण गरिएका छन् । अतः यो गुणात्मक ढाँचामा आधारित लेख हो ।*

**शब्दकुञ्जी** : आश्रम, ऋषिमहर्षि, ज्ञानभूमि, तपोभूमि, सिद्धभूमि ।

## पृष्ठभूमि

मानव बसोबासको दृष्टिकोणले नेपालको ऐतिहासिकता निकै पुरानो छ। साहित्यिक स्रोतहरूले जनकपुरको महिमा त्रेतायुगसम्म पुऱ्याएको सन्दर्भ पाइन्छ (Jha, 1971, pp. 27-31) । विभिन्न ग्रन्थहरूले विराटनगरक्षेत्रको प्राचीनतालाई महाभारतकाल वा द्वापरयुगसम्म डोऱ्याएका छन् (श्री ५ को सरकार, २०३१, पृ.४३३) । लुम्बिनी र कपिलवस्तुको अन्वेषण र उत्खननबाट प्राप्त पुरातात्त्विक प्रमाणहरूबाट यो क्षेत्रको आठसय वर्ष ई.पू. को इतिहास पुष्टि भएको छ (Pradhan, n.d, p. 57) । विभिन्न ऐतिहासिक सामग्रीहरूले किराँत र लिच्छविकालीन काठमाडौँ उपत्यकाको इतिहासलाई उदात्त पारेका छन् । सन् १९८० मा बुटवल तिनाउ खोलाबाट एक करोड दशलाख वर्ष पुरानो रामापिथेकसको अवशेष प्राप्त भयो (खत्री, २०५५, पृ.५६) । विभिन्न स्थानहरूबाट प्राप्त नवपाषाणकालीन

औजारहरूबाट प्राग् ऐतिहासिक कालदेखि नै यस क्षेत्रमा मानव क्रियाकलाप अस्तित्वमा आइसकेको पुष्टि भएको छ (Sharma,1983, pp. 1-5) । अतः माथि उल्लिखित सबै किसिमका तथ्यहरूले यस क्षेत्रको मानव बसोबासको इतिहास निकै प्राचीन हो भन्ने विषयलाई पुष्टि गर्न सहयोग पुऱ्याएका छन् ।

नेपाल प्राकृतिक तथा मानव निर्मित सम्पदाको प्राप्यताका कारण यो विश्वमै अग्रणी मुलुकमा दरिन्छ । यहाँ पाइने हिमाल, पहाड, तराई, नदीनाला, तालतलैया, वनजङ्गल, भाषा, संस्कृति, धर्म, कला, लोकपरम्परा, जातजाति, जनजाति, पुरातात्विक ऐतिहासिक, ज्ञानभूमि, तपोभूमि तथा मोक्षदायनी स्थलजस्ता प्राकृतिक एवम् मानव निर्मित सम्पदा दुनियाँमा यो मुलुकको विशिष्ट पहिचान स्थापित गर्ने अधार हुन् । यहाँ अघि सत्य, त्रेता र द्वापरयुगदेखि हिजोआजसम्म पनि सुर, असुर, ऋषिमहर्षि, अप्सरा, सिद्ध, योगी, जोगी, सन्त, महन्त, विद्वान्, विदुषीहरू विभिन्न नाम तथा रूप धारणगरी ज्ञान, सिद्धि र मोक्षप्राप्तिका निम्ति आउने गरेका छन् । आफ्ना पितृहरूको उद्धारका निम्ति समयसमयमा यहाँ देव, दानव लगायत मनुष्यसमेत आउने गरेका विवरण पौराणिक साहित्यमा पाइन्छ ।

त्रिकालदर्शी, शुभचिन्तक, सर्वपक्षीय अनुभूतिकर्ता, सर्वज्ञ, वेद तथा स्मृतिका द्रष्टा, ऋचा साक्षात्कार गर्ने स्रष्टाका रूपमा ऋषिलाई लिने गरिन्छ । ऋषि ठुलो पद हो । तृष्णा, लोभ, मोह, इर्ष्या, घमण्डजस्ता आसुरीभाव नष्ट गर्ने महान् आत्माले मात्र यो पद प्राप्त गर्न सक्दछन् ।यजुर्वेदमा चालिसवटा अध्याय छन् । ती सबै अध्यायहरूमा कुनै न कुनै ऋषिमहर्षिहरूको चर्चा पाइन्छ । अगस्त्य, अग्नि, अघशस,अप्रतिरथ, अभितमन सूर्य,अवत्सार, असित, अश्वसामुद्री भार्गव, अश्विनीकुमार, अत्रि, अत्रिदुहिता, आङ्गिरस, आथर्वण, आदित्य, आभूति, आमहीयव, आरुणि, आसुरी, आश्वतराश्वि, और्णवाभ, इन्द्र, इन्द्राग्नि, इष, उत्कील कात्य, उत्तरनारायण, उद्वालवान्, उशनाकाव्य, ऋजिश्वा, ऋषिगण, ऋषिसूत लोपामुद्रा, कपि, कण्व, कृषि, काश्यप, कुमारवृष, कुमारहारित, कुत्स, कुत्स आङ्गिरस, कुरुस्तुति, कुसुरुविन्दु, कुसीदी काण्व, कुश्री, कुशिक, कशिपा, कूर्म गार्त्समद, गयप्लात, गृत्समद, गालव, गौतम, गोतम रहुगण, गौरीविति शाक्त्य, जमदग्नि, जय ऐन्द्र, जीवल चैलकी, जेता मधुच्छन्दा, तक्षा, तामस, दधिक्रावा वामदेव्य, दवन, दध्यङ् आथर्वण, दक्ष, दीर्घतमा, दीर्घतमा औतथ्य, देवगण प्रजापति, देवगन्धर्व, देवल, देववात भारत, देवश्रवा,देवश्रवा देववात भारत, देवा, धानान्तर्वान्, ध्रुव, नाभानेदिष्ट, नारायण, नारायणपुरुष, नैध्रुव कश्यप, नोधागोतम, नौधा, नृमेध, परमेष्ठी, परमेष्ठी विरूप, पराशर शाक्त्य, परुच्छेप, पायु,पायु भरद्वाज, पावकाग्नि, प्रगाथ, प्रजापति, प्रजापति साध्या, प्रतिक्षत्र, प्रस्कण्व, प्रादुराक्षि, प्रियमेध ऐन्द्र, पुरुमिढ अजमिढ, पुरुषमेध, पुरोधस, बन्धु, बृहस्पति, बृहद्धिव, बृहदुक्थ, ब्रह्मणस्पति, ब्रह्म स्वयम्भू, ब्रह्मा, बार्हस्पत्य, बुध, बुध गविष्ठिर, भरद्वाज, भरद्वाज बार्हस्पत्य, भालन्दन, भिषक, भौवन आप्त्य, भौवन साधन, मधुच्छन्दा, मधुच्छन्दा ऋतु भार्गभ, मनसम्पति, मयोभुव, मनु, मनु वैवश्वत, मेध ऐन्द्र, मेधाकाम, मेधातिथि, मुण्डिभ, मुद्‌गल यज्ञपुरुष, यवमान, यज्ञपुरुष, याज्ञवल्क्य, रम्याक्षि, लुसोधानक, लोगाक्षि,वत्स, वत्सप्री,वरुण, वसिष्ठ, वसुश्रुत, वसूयव, व्यश्व आङ्गिरस, वामदेव, वारुणि, विदर्भी, विप्रबन्धु, विभ्राट् सौर्य, विरूप आङ्गिरस, विश्वकर्मा, विश्वकर्मा भौवन, विश्वमना, विवस्वान, विश्वामित्र, विश्वावसु, विश्वेदेवा, विरूप, विरूपाक्ष, विहव्य, वेन, वैखानस, सत्यधृति, सरस्वती, सवरण प्रजापत्य, सप्तर्षिगण, सम्वत्सर, सवनन, सविता, सार्पराज्ञी, सामाहुति, साध्य, स्वस्त्य आत्रेय, सिन्धुद्वीप, सुकक्ष, सुकीर्ति काक्षीवत, सुतम्भर, सुनीति, सुचीक, सुबन्धु, सुहोत्र, सोमक, सौभरि, सोमशुष्म, सौम्य, शङ्कसुक, शङ्ख, शयु, शास भरद्वाज, श्यावाश्व, श्रीकाम, शिवसङ्कल्प, शिरिम्बिठ, श्रुतकक्ष, श्रुतुबन्धु, शुनःशेप, शूर्प, हिरण्यगर्भ, हिरण्यस्तूप, हैमवर्चि, त्र्यरुण, त्रसदस्यु, त्रित, त्रित आप्त्य, त्रिशोक, त्रिशिराजस्ता ऋषिहरूको चर्चा पाइन्छ (लुइटेल, २०६६, पृ. १-३७१) ।

मनुस्मृतिमा मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, ऋतु, प्रचेता, वशिष्ठ, भृगु र नारद गरी दशजना ऋषिहरूको उल्लेख पाइन्छ (लुइटेल, २०६९, पृ.५) । संस्कृत साहित्यअनुसार मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह,

ऋतु, र वशिष्ठगरी सातजना ऋषिहरू सप्तर्षिअन्तर्गत पर्दछन् । सप्तर्षि ब्रह्माका मानस पुत्र हुन् (शर्मा, १९९९, पृ. ९३८) । ज्ञानको सिर्जना तथा वितरण, जप, तप, योग तथा साधनाका निम्ति प्रत्येक ऋषिहरूका आआफ्नै आश्रमहरू थिए । पूर्वीय धार्मिक ग्रन्थहरूमा नेपाललाई दुनियाँको विशिष्ट देवभूमिका रूपमा वर्णन गरिएको छ । यसको अर्थ नेपालमा प्राचीन कालदेखि नै देउदेउताले वासगर्ने तथा ऋषिमहर्षिहरूले ज्ञानको सिर्जना, जप, तप, योग साधना गर्दथे भन्ने हो ।

गोपाल वंशावलीमा नेपाल उपत्यकाको इतिहासको प्रारम्भ अर्थात् किरातहरूको शासन कायम हुनुभन्दा अघिदेखि नै गौतमादि ऋषिमुनिहरूकोयहाँ आश्रम रहेको उल्लेख पाइन्छ (बज्राचार्य, २०३०, पृ. ३४४) । यो सन्दर्भ लिच्छविकालभन्दा अघिदेखि नै यस क्षेत्रमा वेलाबखतमा जप, तप, योग तथा साधनाका माध्यमबाट ज्ञान, सिद्धि र मोक्ष प्राप्तगर्न ऋषिमहर्षि आउने र बस्ने गर्दथे भन्ने विषयलाई पुष्टि गर्ने बलियो आधार हो । पौराणिक स्रोतहरूले यो पुण्यभूमिमा ईशापूर्वकालदेखि नै जप, तप, योग तथा साधनाका निम्ति ऋषिआश्रमहरू अस्तित्वमा आइसकेको सन्दर्भलाई पुष्टि गर्दछन् । आश्रमजस्ता महत्त्वपूर्ण सम्पदाको पर्याप्त शोधखोज पनि हुन बाँकी नै छ । त्यसो हुँदा यो अभाव परिपूर्तिको निम्ति प्रस्तुत अध्ययन गरिएको हो ।

## अध्ययनको समस्या

नेपालमा रहेका धेरै तीर्थस्थलहरूका विषयमा विभिन्न दृष्टिकोणबाट मनग्य अध्ययन अनुसन्धान भएका छन् । केही ऋषिमुनि तथा सिद्धहरूले लामो समयसम्म साधना गरेका, ज्ञान उत्पादन तथा बाँढेका एवं सिद्धिप्राप्त गरेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमजस्ता स्थलहरूका विषयमा भने हिजोआजसम्म पनि पर्याप्त शोधखोज हुन सकेको देखिँदैन । अतः नेपालमा रहेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमजस्ता स्थलहरूसँग सम्बन्धित तपसिलमा उल्लिखित सन्दर्भ प्रस्तुत अध्ययनसँग जोडिएका प्रमुख समस्या हुन् :

- नेपालमा रहेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमजस्ता स्थलहरू के के हुन् ? कहाँ कहाँ छन् ?
- यिनीहरूसँग सम्बन्धित पुरातात्त्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक परम्पराका साथै यिनको महत्त्व के छ ?

## अध्ययनको उद्देश्य

माथि उल्लिखित विविध विषयलाई समेटेर शोधखोज गरिएका सामग्री पर्याप्त छैनन् । यी पक्ष प्रस्तुत अध्ययनसँग जोडिएका समस्या हुन् । यो लेख मूलतः उक्त जिज्ञासाको समाधान र अनुसन्धानको अभाव परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको हो । विशेषतः यस लेखमा तपसिलका विशिष्ट उद्देश्यहरू निर्धारण गरिएका छन् :

- नेपालमा रहेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमजस्ता स्थलहरूको अन्वेषण गर्ने ।
- उक्त स्थलसँग सम्बन्धित पुरातात्त्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक परम्पराका साथै तिनको महत्त्व खोजी विश्लेषण गर्ने ।

## अनुसन्धानविधि

यो अनुसन्धान विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुबन्धित छ । यसमा गुणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क एवं सूचनाको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क मूलतः यस लेखमा समाविष्ट केही स्थलहरूको कार्यक्षेत्र अध्ययनबाट सङ्कलन गरिएको हो । यस क्रममा अवलोकन र अन्तर्वार्ता विधि प्रयोग गरिएको थियो । द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् । द्वितीयक तथ्याङ्कका निमित्त विभिन्न लेखरचना, ग्रन्थका साथै विद्युतीय माध्यममा प्रविष्ट भएका स्रोत सामग्रीको समीक्षा गरिएको छ ।

## नतिजा तथा छलफल

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएका छन् । विवेचनापछि अनुसन्धानको उपलब्धिका रूपमा नेपालमा रहेका तपोभूमि, ज्ञानभूमि, सिद्धभूमि, आश्रमजस्ता स्थलहरूको वर्तमान अवस्था, पुरातात्त्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक परम्पराका साथै तिनको महत्त्व खोजी विश्लेषणसमेत यहाँ समावेश गरिएको हो । यस क्रममा आश्रमको अर्थ तथा नेपालका महत्त्वपूर्ण आश्रमहरू उपशीर्षकअन्तर्गत अत्रि आश्रम, और्व आश्रम, कपिल आश्रम, गण्डर्षि आश्रम, गौतम आश्रम, दुर्वासा आश्रम, देवदत्त आश्रम, ने मुनिको आश्रम, पराशर आश्रम, पाणिनि आश्रम, पुलस्त्य आश्रम, पुलहाश्रम, भरत आश्रम, भृगुआश्रम, मरीचि आश्रम, माण्डव्य आश्रम, वशिष्ठ आश्रम, वाल्मीकि आश्रम, विभाण्डक आश्रम, विश्वामित्र आश्रम, व्यास आश्रम, शमीक आश्रम, शालङ्कायन आश्रम, श्रृङ्गा आश्रम र हरिहर आश्रम र तिनीहरूको महत्त्व एवम् उपयोगिताजस्ता विषयमा चर्चा गरिएको छ ।

## आश्रमको अर्थ

यजुर्वेदको छब्बिसौँ अध्यायको पन्ध्रौँ श्लोकमा पर्वत तथा उपत्यका, पहाडी गुफाकन्दरा, नदीकिनार र नदीका सङ्गमस्थलहरूमा ध्यान तथा जपतप गर्नाले ज्ञानशक्ति जागृत हुने सन्दर्भ पाइन्छ (लुइटेल, २०६६, पृ. २२६) । यो सन्दर्भले पर्वत तथा उपत्यका, पहाडी गुफाकन्दरा, नदीकिनार, नदीका सङ्गमस्थल, वनजङ्गल, छहराछाँगाका आसपास, तालतलैका किनारजस्ता प्राकृतिक दृष्टिले शान्त र मनोरमस्थलमा बसेर ध्यान, जपतप तथा स्वाध्यायनका माध्यमबाट ज्ञानशक्ति जागृत गर्ने योगी, जोगी, सन्त, महन्त, विद्वान् आदि ऋषिमहर्षि हुन् भन्ने सङ्केत गर्दछ । ज्ञान आर्जनका उपयोगी स्थान भएकाले ऋषिमहर्षिहरूले यस्ता ठाउँहरूमा आश्रम खडा गर्दथे । एकान्त स्थानमा रहने हुँदा आश्रम शान्त, सुन्दर, सुशील, स्वच्छ, आनन्ददायक र सुखदायी मानिन्छन् ।

आश्रम हिन्दु सामाजिक सङ्गठनभित्रको एउटा व्यवस्था वा प्रणाली पनि हो । यसलाई श्रमगर्ने स्थान पनि भन्ने गरिन्छ । यसले मानिसलाई उसको उमेर तथा क्षमताअनुरूप कार्य सम्पादन गर्न मार्गनिर्देश गर्दछ (खतिवडा, २०७४, पृ. ८८) । हिन्दुहरूका निमित्त मानिसको सम्पूर्ण जीवन स्वअनुशासन एवम् प्रशिक्षणको जीवन हो । प्रशिक्षण र स्वअनुशासनको अवधिमा उसले चारतह वा खुडकिला पारगर्नुपर्दछ । ती जीवनका विसौनी हुन् । त्यसैलाई आश्रम भनिन्छ (Prabhu, 1963, p. 78).

समग्रमा ऋषिमहर्षिहरू बस्ने स्थानलाई आश्रम भनिन्छ । एकान्त स्थल, वनजङ्गल, नदीकिनार तथा तट, पहाड पर्वतका कुनाकन्दराजस्ता मानव वस्तीभन्दा पृथक् क्षेत्रमा प्राकृतिक तथा मानव निर्मित ससाना छाप्रा, कुटी एवम् गुफादि आश्रम हुन् । हिन्दु सामाजिक संरचना तथा सङ्गठनमा आश्रम शब्दले स्थान वा स्थल र व्यवस्था वा प्रणालीसँग सम्बन्ध राख्दछ । स्थान वा स्थलका रूपमा आश्रम भनेका ऋषिमहर्षिहरू बस्ने कुटी, गुफा, ओडार, कन्दराजस्ता विशेष ठाउँ मानिन्छन् ।

## नेपालका महत्त्वपूर्ण आश्रमहरू

ब्रह्मपुराणको १२० अध्यायमा देवसभाको वर्णन छ । पितृ, देवता, ऋषिमुनि, साधुसन्त, महन्त, तपस्वी र मानिसको संयुक्त सभा हुने स्थल सभापोखरी हो । सभापोखरीकै नामबाट यो जिल्लाको नाम सङ्खुवासभा रहेको विश्वास गरिन्छ । शङ्खाकार पोखरीको मध्यभागमा चप्लेटी आकारको एउटा ढुङ्गो छ । त्यो ढुङ्गो व्यासासन हो । वरिपरि पितृ, देवता, ऋषिमुनिलगायत बसेर सभागर्ने स्थल प्रकृतिले नै बनाइदिएको भन्ने धारणा छ (भट्टराई, २०६७, पृ. २९०) । यस पोखरीका बारेमा प्रचलित एउटा जनश्रुतिअनुसार वेदका रचयिता वेदव्यासले यहाँ ८८ हजार ऋषिमुनि, साधुसन्त, महन्त एवम् तपस्वीको भेला बोलाएर शान्ति, जीवन, मृत्यु र

मृत्युपछिको स्वर्गका विषयमा जानकारी दिएका थिए । सभापोखरीका साथै ऋषिमुनि, साधुसन्त, महन्त, तपस्वी तथा सिद्धिप्राप्त महामानवहरूले ज्ञान, प्रज्ञा, सिद्धि तथामोक्षप्राप्त गरेका धेरै स्थलहरू छन् । त्यस्ता ज्ञान, प्रज्ञा, सिद्धि तथाामोक्षप्रदायनीस्थलहरूमध्ये यस लेखमा केहीलाई प्रविष्ट गरिएको छ ।

संस्कृत साहित्यअनुसार अत्रि ब्रह्माका मानस पुत्र हुन् । यिनको जन्म ब्रह्माको आँखाबाट भएको हो । यिनी सप्तर्षिअन्तर्गतकै एक मानिन्छन् (शर्मा, १९९९, पृ.२७) । ऋषि अत्रिको तपोभूमिलाई श्वेतगिरि भनिन्थ्यो । ऋषिका तेजले त्यहाँको ५ योजन जति जमिन त्यसै प्रकाशमान हुन्थ्यो । हिमपात कहिल्यै पर्दैन थियो । यस आधारमा यिनको आश्रम धवलागिरि र राप्ती क्षेत्रमा रहेको विश्वास गरिन्छ । ब्रह्माका सात मानसपुत्रमध्ये अत्रि एक हुन् । यिनका धेरै पत्नी थिए । तिनीहरूमध्ये पतिव्रता अनसूया एक थिइन् । ब्रह्मा, विष्णु र शिवको संयुक्त रूप दत्तात्रेय र ऋषि दुर्वासा पनि यिनकै छोरा हुन् (भट्टराई, २०६७, पृ. ६) । एकथरी विद्वान्हरूले भने यिनको आश्रम चित्रकुट थियो । वनबासका समयमा राम, सीता र लक्ष्मणले उनको आश्रममा गई भेटेका थिए (शर्मा, १९९९, पृ.२७) । अत्रि हिन्दूधर्मशास्त्रहरूमा वर्णन गरिएका महान् ऋषि हुन् । यिनको नामबाट मुनिपरम्परा चलेको छ । आत्रेयी यिनकी छोरी थिइन् । यिनको विवाह अङ्गीरस ऋषिसँग भयो । एकताका त्रिपुरा राक्षसले धेरै दुःख दिएको कारण यिनले भगवान् शिवको आराधना गरी खुसी तुल्याई त्रिपुराको वध गरेको पौराणिक मिथक पाइन्छ (खतिवडा, २०७४, पृ.६७) ।

## और्व आश्रम

ऋषि और्वको तपोभूमि तथा आश्रम पाल्पा, गुल्मी र स्याङ्जा जिल्लाको सीमास्थल कालीगण्डकीको तीरमा अवस्थित अर्गली हो । आश्रम क्षेत्र एउटा थुम्कोका रूपमा रहेको छ । त्यो थुम्कोलाई मुस्लुक भनिन्छ । ऋषि और्व गाई पाल्दथे । त्यहाँ गाई चराउने फाँट अहिले पनि देख्न सकिन्छ । जनश्रुतिअनुसार यहाँ हिजोआज पनि राती गाई कराउँदछन् । वराहपुराणमा मानिस्कुमट तीर्थलाई और्वाश्रम मानिएको छ । ब्रह्मवैवर्तपुराणमा ब्रह्माजीका मानसपुत्रमध्ये भृगु, भृगुका छोरा शुक्राचार्य र च्यवन, च्यवनकी पत्नी आरुणिमाको जङ्घाबाट और्व जन्मिएका तथा उनका जमदग्निसहित सयजना छोराहरू भएको उल्लेख पाइन्छ । यिनकी छोरी कान्दली हुन् । यिनको विवाह ऋषि दुर्वासासँग भएको थियो । अर्गलीमा जेठको दशमीमा मेला लाग्दछ (भट्टराई, २०६७, पृ. १८-१९) ।

## कपिल आश्रम

ऋषि कपिल साङ्ख्य दर्शनका प्रवर्तक तथा उपदेशकर्ता थिए । साङ्ख्य सूत्र यिनैले रचना गरेको दार्शनिक ग्रन्थ हो । कपिललाई भगवान् विष्णुका चौबिस अवतारमध्ये पाँचौं मानिएको छ (शर्मा, १९९९, पृ.१६०) । ऋषि कपिललाई ब्रह्माका पुत्र, अग्निदेव र भगवान् शिवको अवतार तथा कृष्ण पनि भन्ने गरिन्छ । हिन्दूहरूका उनन्तिसवटा उपपुराणहरूमध्ये एयटा कपिल पनि हो । ऋषि कपिलका सम्बन्धमा विभिन्न मिथकहरू प्रचलनमा छन् । एक मिथकअनुसार यिनकै श्रापका कारण सगरका ६० हजार पुत्रहरू भष्म भई पछि गङ्गाजल अभिषेकबाट श्रापमुक्त भएका थिए (खतिवडा, २०७४, पृ.१६०-१६१) ।

कपिलमुनिको आश्रम वर्तमान तिलौराकोट क्षेत्रमा थियो । प्राचीन समयमा साकेतका राजा ओकाकले जेठी रानीका ओक्कमुख, करकन्द, हथिनिक र सिनिपुर चार छोरा एवम् सुधा, विमिता, विजिता, जिता र जली पाँचछोरीलाई राज्यबाट निकालिदिए । उनीहरू हिमालयको दक्षिणपट्टिको साक वनमा रहेको कपिलमुनिको आश्रममा बसे । कपिलमुनिकै सल्लाहमा उनीहरूले साल जङ्गल फँडानी गरी कपिलवस्तुनामक वस्ती बसाले (गुरुङ, २०६७, पृ.११९-१२०) ।

## गण्डर्षि आश्रम

रिडीघाटदेखि उत्तरपट्टि बडीगाड र कालीगण्डकीको दोभान रुद्रवेणीमा गण्डर्षि आश्रमछ (गुरुङ, २०६७, पृ.१०५)। गण्डर्षि ऋषिको वर्णन स्कन्द पुराणमा पाइन्छ। स्कन्द पुराणअनुसार गण्डर्षि ऋषिले जलदेवीलाई स्तुति गरेर खुसी तुल्याएपछि जलदेवीले म आजदेखि तिम्रो नामले प्रवाहित हुने छु भन्ने वचन दिइन्। त्यसपछि गण्डर्षि ऋषिको नामबाट ती नदीलाई गण्डकी भनिएको हो। माता पार्वती गोसाईकुण्डबाट आफ्ना केही सखीहरूका साथ विहार गर्न पश्चिमतर्फ लागिन्। नीलगिरी हुँदै शालग्राम क्षेत्रमा पुगिन्। त्यहाँ पुलस्त्य, मरीचि र गण्डर्षि ऋषि तपस्या गर्दथे। माता पार्वतीको भेट पहिले वृद्ध ऋषि गण्डर्षिसँग भयो। लामो हिडाइ र थकाइका कारण माता पार्वतीका पादतलबाट पसिना आए। पसिनाको दह बन्यो। गण्डर्षि ऋषिले त्यही दहमा स्नानगरी जलदेवीको स्तुति गरे। जलदेवी गण्डर्षि ऋषिको वन्दनाबाट खुसीभई यो कुण्डमा तिमीले पहिले स्नान गरेको हुँदा म तिम्रै नामले प्रवाहित भई लोकलाई पावन गर्ने छु भनेर बग्न थालिन् (खतिवडा, मि.न., पृ.३५)।

## गौतम आश्रम

गौतम ऋषि वेदका प्रकाण्ड विद्वान् थिए। संस्कृत साहित्यमा  यिनका विषयमा अनेक प्रकारका कथा तथा किंवदन्तीहरू पाइन्छन् (शर्मा, १९९९, पृ. ३०६)। गौतम ऋषिका विषयमा प्रचलित एक मिथकअनुसार यिनकी पत्नी अहल्यालाई देवराज इन्द्रले छलगरी अनुचित सम्बन्ध राखे। गौतम ऋषिको भेष बदलेर आएका कारण अहल्याले देवराज इन्द्रलाई चिन्न सकिनन्। गौतम ऋषिले देवराज इन्द्रलाई शरीरभरी हजार योनि हुने र अहल्याले पत्थर भएर रहनुपर्ने श्राप दिए। देवराज इन्द्रले पनि पनौतीका पुण्यमाता तीर्थमा भगवान्  शिवको आराधनापछि श्रापबाट मुक्ति पाए (लाकोजू, २०६५, पृ. ६१)।

शिवदेव द्वितीयको बलम्बूको संवत् १२९ को अभिलेखमा गुठी दिएको जग्गाको साँधसीमा तोकिदिने क्रममा विभिन्न स्थानसँगै गौतम आश्रमका चर्चा परेको छ। यस अभिलेखमा गौतम आश्रम भनेर स्पष्ट उल्लेख भएको हुँदा गौतम ऋषिको आश्रम नेपाल खाल्डोमा रहेको विषय पुष्टि भएको छ (जोशी, २०३०, पृ. ५४९५)। यस अभिलेखमा दावाकोटको चारकिल्ला खुलाउँदा गौतमआश्रमको कुरा आएको हो। यस सन्दर्भले लिच्छविकालमा यस भेकमा गौतमआश्रम भन्ने प्रसिद्ध ठाउँ भएको विषय पुष्टि गर्दछ। गोपाल वंशावलीमा "हिमवन्तशैल्यमध्यवर्तणी महारन्यभूते  भूमण्डले .... गौतमादिभि ऋषिग्नैस्तत्र प्रचरति"भन्ने विवरण पनि गौतमआश्रम यस भेकमा भएको विषय पुष्टि गर्ने महत्त्वपूर्ण आधार हो (बज्राचार्य, २०३०, पृ. ५३६)।

पतिको श्रापबाट शिला भएकी अहिल्या मिथिलाको यात्राका क्रममा भगवान् रामको चरणस्पर्शबाट मुक्त भएको कथा रामायण लगायतका ग्रन्थहरूले उल्लेख गरेका छन्। बृहद् विष्णुपुराणमा बशिष्ठका ठाउँमा गौतम ऋषिलाई मिथिलाका राजा निमीको यज्ञगर्ने जिम्मा दिएको विवरण पाइन्छ। विभिन्न ग्रन्थहरूले गौतम ऋषिको आश्रम नेपालको मिथिला क्षेत्रमा भएको विषय उल्लेख गरेका छन् (पाण्डे र रेग्मी, २०५४, पृ.१६६)। कोही विद्वान् हरूले कमला नदीको किनारमा यिनको आश्रम रहेको बताउँदछन्। वास्तवमा गौतम ऋषिको आश्रम स्थलका विषयमा केही विवाद देखिन्छ। यद्यपि मिथिला वा नेपालको मध्य र पूर्वीभाग खासगरी कौशिकीको पश्चिमतटमा रहेको हुनसक्ने सम्भावना छ (खतिवडा, २०७४, पृ.३२३)।

## जैमन आश्रम

जैमन ऋषिको आश्रम पाल्पा जिल्लाको भैरवथानमा थियो। हाल भैरवमन्दिर रहेको डाँडोमा केही वर्ष अघिसम्म जैमन ऋषि प्रत्येकदिन कालीगण्डकी नदीमा स्नान गरी फर्किएर गण्डकीको तपस्यामा बस्दथे। शुद्ध जलल्याई भैरव देवतालाई अर्पणगर्नु उनको दैनिकी थियो। तपस्याबाट प्रसन्न भएकी गण्डकीले म प्रसन्न भएँ।

अबदेखि दुःख गर्नु पर्दैन । वटुकनाथ भैरवथानमा नै म प्रकट हुनेछु । त्यहीँ जल चढाउनू भनिन् । केही दिनपछि पुरानोकोट घ्याँचमा शुद्धजल प्रवाहित भयो । जैमनधाराका नामले पछिसम्म चिनियो । अहिले जयधारा भन्दछन् । त्यहीँको जलले भैरवलाई स्नान गराइन्छ (भट्टराई, २०६७, पृ. १७६) ।

## दुर्वासा आश्रम

अर्घाखाँची जिल्लामा पाणिनिको तपोभूमि पणेना गाउँको वायव्य कोणमा ऋषि दुर्वासाको आश्रम थियो । यहाँ सात तला भएको एउटा गुफा छ(गुरुङ, २०६७, पृ. ११५)। कोकाह र कौशिकीको तटमा समेत ऋषि दुर्वासा तपस्या गरेको विश्वास गरिन्छ । पौराणिक ग्रन्थहरूमा उल्लेख भएअनुसार दुर्वासा अत्रिऋषिका छोरा हुन् (भट्टराई, २०६७, पृ. ६) । संस्कृत साहित्यमा दुर्वासा ऋषिको उल्लेख निरन्तर आउँछ । ऋषिदम्पतिले भगवान् शिवको आराधना गरी शिवकै अंशवाला पुत्रका रूपमा दुर्वासालाई पाएको वर्णन पौराणिक ग्रन्थहरूले दिएका छन् । एउटा पौराणिक मिथकअनुसार यिनी यति कठोर र डरलाग्दा थिए कि यिनले आफ्नै पत्नीलाई पनि श्रापदिएर भष्म बनाए। यिनी शारीरिक संरचना एवम् कालो वर्णका भएको विश्वास गरिन्छ (शर्मा, १९९९, पृ.४२९) ।

## देवदत्त आश्रम

भृगुवंशी वैदिक ब्राह्मण देवदत्तको कथा स्कन्दपुराण तथा हिमवत्खण्डले उल्लेख गरेका छन् । भृगुवंशी वैदिक ब्राह्मण देवदत्तको आश्रम ऋषिकेश तीर्थस्थानमा अवस्थित छ । उक्त धार्मिक ग्रन्थअनुसार यसै पवित्र कालीगण्डकीको तटमा अति प्राचीन कालमा भृगुवंशीय देवदत्त नामक एकजना ऋषिले भगवान् विष्णुको ठुलो एवम् कठोर तपस्या गरे । उक्त तपस्या बसेको स्थान हाल बजारक्षेत्र नजिकै रहेकोको गुफा वा कन्दरा थियो । गण्डकीपारि स्याङ्जामा रहेको भृगुतुङ्गेश्वर गुफा पनि ऋषि देवदत्तसँग सम्वन्धित तपस्थली हो । देवराज इन्द्रले भगवान् विष्णुका नाममा गरेको पहिलो तपस्या भङ्ग गरिदिएपछि यस गुफामा बसी भगवान् शिवको आराधना गरेका थिए (शर्मा, २०६२, पृ.८६-८७) । देवराज इन्द्रले तपस्या भङ्ग गरिदिएकोसन्दर्भमा हिमवत्खण्ड (परिशिष्ट अ, ३ । १७) मा भनिएको छ :

*ययुर्वसन्तः कामश्च गन्धर्वो मलयानिलः ।*
*प्रम्लोचाप्यप्सरा तत्र देवदत्तस्य चाश्रमे ॥* (शर्मा, २०६२, पृ.८६)।

भगवान् वराहले पृथ्वीलाई सुनाएको कथाअनुसार भृगुवंशमा देवदत्त नामगरेका याज्ञिक एवम् अतिथिभक्त वैदिक ब्राह्मण थिए । यिनले ऋषिकेश तीर्थमा दशहजार वर्षसम्म तपस्या गरे । देवराज इन्द्र कठोर तपस्यादेखि डराए । तपस्या भङ्ग गर्न वसन्त ऋतुसँगै कामदेव, गन्धर्व र अप्सराको समूह बनाई आदेश दिए । देवदत्तको आश्रममा पुगे । वसन्त ऋतुले अनेकौँ फूलहरू फुलाए । गन्धर्वहरूले पर्वतका गुफाहरूमा गानबजान गरे । प्रम्लोचा नाम गरेकी अप्सराले नृत्य प्रदर्शन गरिन् । मलयपर्वतको हावाले नृत्यमा मस्त रहेकी अप्सराको वस्त्र उडाइदियो । अप्सरा नग्न भइन् । कामदेवले ब्राह्मण देवदत्तमाथि पाँचवटा फूलका वाणहरू एकै पटक बर्सायो । ऋषि देवदत्त कामातुर भए । प्रम्लोचा अप्सरालाई भोगविलास गरे । उनीबाट रुरु कन्याको जन्म भयो । देवराज इन्द्रले यिनीहरूको संयुक्त प्रयासबाट देवदत्तको तपस्या भङ्ग गराए (गुरुङ, २०६७, पृ.१०५-१०६)।

## ने मुनिको आश्रम

ने मुनिको बारेमा विशेष वर्णन नेपाल माहात्म्यमा पाइन्छ । यिनले काठमाडौँ उपत्यकामा निकै लामो समयसम्म योगसाधनाका साथ हरिहरको स्तुतिसमेत गरेका थिए । पौराणिक साहित्यहरूमा उल्लिखित विवरणका आधारमा कतिपय विद्वान्हरू नेपालको नामकरण पनि यिनै ऋषिको नामबाट रहन गएको विश्वास गर्दछन् (पाण्डे र रेग्मी, २०५४, पृ.१६९) । ने मुनिको आश्रम रोशी र सुनकोशी नदीको सङ्गम दुम्जा (सिन्धुली) नजिक भएको

विश्वास गरिन्छ । यिनी ऋषि मरीचिका छोरा हुन् । मणिचूड पर्वत पनि यिनको तपस्थली हो । यिनले यहाँ १२ वर्षसम्म निरन्तर बज्रयोगिनी भगवतीको तपस्या गरेका थिए । रोग र पापले पीडित विरूपाक्षलाई विभिन्न तीर्थस्थलहरू घुमेर देवीदेवताको दर्शन गरी श्राप तथा पापमुक्त हुने उपदेश यिनैले दिएको जनश्रुति छ (भट्टराई, २०६७, पृ. १६०)।

## पराशर आश्रम

पराशर ऋषिलाई संस्कृत साहित्यमा कुनै प्रसङ्गमा ऋषि बशिष्ठका छोरा र कतै नाति भनिएका सन्दर्भहरू पाइन्छन् । यिनलाई पुराणहरूमा सप्तर्षिमध्ये एक तथा ऋग्वेदका मन्त्रद्रष्टा ऋषि मानिएको छ । हिन्दुहरूको अति महत्त्वपूर्ण धार्मिक कानुन मानिने पराशर स्मृतिको रचना यिनले नै गरेका थिए (शर्मा,१९९९, पृ. ५१९) । ऋषि पराशर हिन्दु समाजमा पराशर गोत्र प्रवर्तक ऋषि हुन् । यिनको आश्रम तनहु जिल्लाको सेती र मादी नदीको सङ्गममा छ । गण्डकी माहात्म्यमा मादी र सेतीको सुन्दर दोभानको द्वीपमा अवस्थित गुफालाई पराशर ऋषिले तपस्या गरेको तपसिद्धिप्रदायिनी गुफाका रूपमा उल्लेख गरिएको छ (गुरुङ, २०६७, पृ. ९३)। यो आश्रम नजिकै शुक्लेश्वर महादेव मन्दिर तथा पाटीजस्ता पवित्र स्मारक पनि छन् । यसबाहेक अन्य ऐतिहासिक सामग्री भने पाइँदैनन् (भट्टराई, २०६७, पृ. १६५)। पौराणिक साहित्यमा उल्लेख भएअनुसार अघि प्राचीन कालमा महर्षि पराशर सेतीनदी पार गरी वारि आउने क्रममा मत्स्यगन्धासँग भेट भयो । मत्स्यगन्धाले महर्षि पराशरलाई सेती नदी तारिन् । नदी तर्दा मत्स्यगन्धाबाट मुग्ध भए । ऋतुदान मागे । दुवैका बिचमा समागम भयो र व्यास जन्मिए । पछि मत्स्यगन्धालाई पुनः कुमारी बन्ने वरदान दिई ऋषि अन्तै लागे (भट्टराई, २०६७, पृ.२८०-२८१)।

## पाणिनि आश्रम

पाणिनि ई.पू चौथो शताब्दीका प्रसिद्ध वैयाकरणवेत्ता हुन् । एकथरी विद्वान्हरूले यिनलाई मिथिला भेकतिरका ऋषि मानेका छन् (खतिवडा, २०७४, पृ.६७७) । अर्काथरी विद्वान्हरूको मत अर्घाखाँची जिल्लाको पणेना पाणिनिको तपोभूमि हो भन्ने छ । यसलाई पाणिनि आश्रमका रूपमा पनि चिनिन्छ । पाणिनिका पिता समान र माता दाक्षी थिए । अर्घाखाँचीको पूर्वीभागमा तूदी पर्वत छ । उक्त पर्वतमा पाणिनिले तपस्या गरेका थिए । त्यसैका आधारमा त्यस भेकलाई पणेना गाउँ भनिन्छ । पणेना गाउँको उत्तरतर्फ रुरु क्षेत्र, वायव्यकोणमा ऋषि दुर्वासाको आश्रम र पश्चिममा रावणले आफ्नो नृत्यद्वारा शिवजीलाई खुसी तुल्याएको नर्पानी भन्ने ठाउँ छ (पोखरेल, २०६५, पृ.३४-४२) । यस ठाउँमा हालसालै पण्डित शालिग्राम पोखरेलले सङ्गमर्मरको पाणिनिको प्रतिमा निर्माण गरी स्थापना गरेका छन् (गुरुङ, २०६७, पृ.११६) ।

## पुलस्त्य आश्रम

संस्कृत साहित्यअनुसार पुलस्त्य ब्रह्माका मानस पुत्र मानिन्छन् । यिनी सप्तर्षिअन्तर्गत पर्ने एक ऋषि हुन् । पुराणहरूमा यिनलाई दक्षप्रजापतिको ज्वाइँ मानिएको छ । एक पौराणिक मिथकअनुसार दक्षप्रजापतिको यज्ञध्वंस हुँदा यिनी पनि जलेर भष्म भएका थिए (शर्मा, १९९९, पृ.५४६) । पुलस्त्य ऋषिलाई लङ्कापति रावणका बाजे मानिन्छ । म्याग्दी जिल्लाको सदरमुकाम वेणीबजारदेखि उत्तर कालीगण्डकी र रहुखोलाको दोभानमा नपुग्दै गलेश्वर महादेव थान छ । उक्त मन्दिरको माथिको पाखोमा अवस्थित पुला नामक स्थान पुलस्त्य ऋषिको आश्रम तथा तपस्थली हो । पुलालाई रावणको जन्मथलो पनि मानिन्छ (गुरुङ, २०६७, पृ. २३१)।

पुलस्त्य ऋषिको आश्रम तथा साधनास्थल शालग्राम क्षेत्रमा थियो । माता पार्वती आफ्ना केही सखीहरूका साथमा नीलगिरी हुँदै शालग्राम क्षेत्रमा पुग्दा त्यहाँ मरीचि र गण्डर्षि ऋषिका साथै पुलस्त्य ऋषि पनि तपस्या

गरेर बसेका थिए । पुलस्त्य ऋषिले लामो समयसम्म एकाग्रताका साथ शालग्राम क्षेत्रमा तपस्यागरी सिद्धि प्राप्त गरेको वर्णन पौराणिक साहित्यहरूमा पाइन्छ । वराहपुराणमा उल्लेख भएअनुसार नवलपरासी जिल्लाको नारायणी, सोना र पञ्चानदीको सङ्गम त्रिवेणी धाममा पनि पुलस्त्यऋषिले तपस्या गरेका थिए (भट्टराई, २०६७, पृ. १७७)।

## पुलहाश्रम

संस्कृत साहित्यअनुसार पुलहा ब्रह्माका नाभीबाट जन्मिएका एक मानस पुत्र मानिन्छन् । यिनी पनि सप्तर्षिअन्तर्गत पर्ने एक ऋषि हुन् । यिनको विवाह दक्षप्रजापतिकी छोरी क्षमासँग भएको एउटा कथा पाइन्छ (शर्मा, १९९९, पृ. ९३८) । पुराणहरूमा बाघ, मृग, सिंहादि यिनका सन्तान थिए । एक पौराणिक मिथकअनुसार दक्षप्रजापतिको यज्ञध्वंश हुँदा यिनी पनि मारिए । पछि पुनः ब्रह्माका अन्य मानस पुत्रका साथमा यिनको जन्म भएको हो  (खतिवडा, २०७४, पृ. ७०९) ।

पुलहाश्रममा राजा भरतले तपस्या गरेका थिए । अतः पुलाहाश्रमलाई भरत गुफाका रूपमा पनि चिनिन्छ । भरत ऋषवदेवका जेष्ठ सुपुत्र हुन् । यिनले चित्रवन (चितवन) मा राज्यगरी भरतखण्ड र भारतवर्ष चलाए । पछि पुलाहाश्रम गण्डकी किनारमा तपगर्दा मृगमा आसक्त भई पुनः मृगका रूपमा उनले जन्म लिए । पछिल्लो जन्ममा ब्राह्मण कुलमा जडभरत (बाहिर मुर्ख भित्र ज्ञानी) का रूपमा जन्मलिई गण्डकी किनारमा तपस्यागरी सिद्धि प्राप्त गरेका थिए (खतिवडा, मि.न.,पृ.४०)।वराहपुराणमा पुलहा ऋषिले नवलपरासी जिल्लाको नारायणी, सोना र पञ्चानदीको सङ्गम त्रिवेणी धाममा तपस्या गरेको विवरण उल्लेख छ (भट्टराई, २०६७, पृ. १७७)।

## भरत आश्रम

संवत् ५३५ को ज्याबहाल नजिकैको लिच्छविकालको अभिलेखमा भरत आश्रमको चर्चा पाइन्छ । दान दिएको जग्गाको चारकिल्ला खुलाउँने क्रममा भरतआश्रमको नाम आएको हो (बज्राचार्य, २०३०, पृ. ३४४)। लिच्छविकालका अभिलेखमा भरतआश्रम र गौतम आश्रमको उल्लेख छ । यी आश्रम कहाँ थिए स्पष्ट रूपमा भन्न सकिँदैन । यद्यपि नेपाल उपत्यकाका असी प्रतिशतभन्दा बढी ठाउँ तथा खोलानालाको नाम राख्दा संस्कृतभिन्न किरात परिवारको भाषा प्रयोग भएको छ । बाग्मती, मणिमतीजस्ता प्रसिद्ध खोलाको नाम प्रारम्भदेखि नै संस्कृत भाषाबाट रहेका छन् । वाग्मती नामको सम्बन्ध सोझै विद्यासँग छ । यस आधारमा उहिले विद्वान् ऋषिमुनिहरूका आश्रम वाग्मती नदी किनारमा थिए भन्न सकिन्छ (बज्राचार्य, २०३०, पृ. ५३६) ।

## भृगु आश्रम

वैदिक साहित्यहरूले पनि ऋषि भृगुका विषयमा वर्णन गरेका छन् । ऋग्वेदमा यिनलाई सबैभन्दा पहिले अग्नि प्राप्त गर्ने ऋषितथा पुरोहितहरूका गणका रूपमा उल्लेख गरिएको छ । भृगु शब्दले प्रकाशमान वा उज्यालो र उज्वल भन्ने अर्थ दिन्छ । मानिसहरूलाई यिनै ऋषिले सबैभन्दा पहिला अग्नि उपलब्ध गरिदिएका थिए । त्यसैले यिनलाई भृगु नामले सम्बोधन गरिएको हो (शर्मा, १९९९, पृ. ६५१) । पौराणिक साहित्यहरूमा यिनलाई प्रजापतिका रूपमा उल्लेख गर्नुका साथै वीरभद्रले दक्षप्रजापतिको यज्ञ ध्वंश पारिदिँदा यिनको दारी डढेर खरानी भएको मिथक पाइन्छ । पछि यिनले पनि अन्य ऋषिहरूसँगै बसेर भगवान् शिवको आराधना गरेका थिए (खतिवडा, २०७४, पृ. ८६३) । पौराणिक साहित्यहरूमा देवता र दानव बिचमा युद्ध हुँदा दानवका पक्षमा रहेका, विष्णुलाई बारम्बार गर्भमा रही पीडा भोग्नुपर्ने तथा अवतार धारण गरिरहनु पर्ने श्राप दिएको, भगवान् शिवलाई लिङ्गाकार होस् भन्ने श्राप दिएको, ब्रह्माले एकपटक अपमान गरेको हुँदा उनलाई कसैले पनि पूजा नगरोस् भनेर श्राप दिएको जस्ता ऋषि भृगुऋषिसँग सम्बन्धित धेरै सन्दर्भहरू पाइन्छन् । भृगु आश्रम देवघाटमा छ ।

### मरीचि आश्रम

संस्कृत साहित्यअनुसार मरीचि ब्रह्माका आँखाबाट उत्पत्ति भएका एक मानस पुत्र हुन् । यिनी सप्तर्षिअन्तर्गत पर्दछन् । पौराणिक साहित्यमा मरीचिलाई दक्षप्रजापतिको ज्वाइँ भनिएको छ । कला, सम्भूती र उर्णा यिनका पत्नी थिए । एक मिथकअनुसार दक्षप्रजापतिको यज्ञमा यिनले पनि भगवान् शिवको निन्दा गरे । भगवान् शङ्करको क्रोधमा परि यिनी जलेर भष्म भए (शर्मा, १९९९, पृ. ६७९) । मरीचि ऋषिको आश्रम तथा साधनास्थल शालग्राम क्षेत्रमा थियो । माता पार्वती आफ्ना केही सखीहरूका साथमा नीलगिरी हुँदै शालग्राम क्षेत्रमा पुग्दा त्यहाँ गण्डर्षि र पुलस्त्य ऋषिका साथै मरीचि ऋषि पनि तपस्या गरेर बसेका थिए । ऋषि मरीचि ने मुनिका पिता हुन् (भट्टराई, २०६७, पृ. १६०)।

### माण्डव्य आश्रम

माण्डव्य ऋषिको आश्रम पाल्पा जिल्लामा अवस्थित माडी हो । यहाँ माण्डव्यको पाषण मूर्तिसहित मन्दिर पनि छ । पद्मपुराणमा माण्डव्य ऋषिको कथा छ । कथाअनुसार प्राचीन कालमा माण्डव्य ऋषि प्रत्येक दिन कालीगण्डकी नदीमा स्नानगरी गण्डकीको तपस्या गर्दथे । तपस्याबाट प्रसन्न भएकी गण्डकीले म तिलको दाना जति तिनाउ (तिलोत्तमा नदी) मा मिसिन्छु भनिन् । त्यसपछि माण्डव्य ऋषिले आफ्नो स्नानादि कृत्य काली गण्डकीबाट तिनाउ नदीमा सारे । माण्डव्य आश्रममा बसी त्यहीँ तपस्या गर्न थाले (खड्का, २०७१, पृ. ३०१) ।

ऋषि माण्डव्यलाई रानीका हार चोरीको आरोप लाग्यो । तपस्थलीबाट दरबारल्याई शूली चढाइयो । शूली चढ्दा पनि ऋषिलाई केही भएन । उनलाई निर्दोष ठानी मुक्त गरियो (भट्टराई, २०६७, पृ. २३३-२३४) । यहाँ माण्डव्यको पाषण मूर्तिसहित मन्दिर पनि छ । भक्तजनहरूले दर्शन तथा पूजागर्ने गर्दछन् । यो क्षेत्र हिजोआज सत्यवादी माण्डव्य ऋषिको नामबाट प्रसिद्ध छ । आश्रमका नाममा गुठीको व्यवस्था गरिएको हुँदा त्यसको आम्दानीबाट बेलाबखतमा मन्दिरको मर्मत, फूलप्रसादको प्रबन्धका साथै पूजाअर्चना तथा आरति सञ्चालन गर्ने गरेका छन् ।

### वशिष्ठ आश्रम

संस्कृत साहित्यमा वशिष्ठलाई वैदिक ऋषिका रूपमा उल्लेख गर्नुका साथै ऋग्वेदको ७।१८।७ ऋचा यिनले नै रचना गरेको मानिन्छ । पौराणिक साहित्यले यिनलाई एक ऋषि, धर्मशास्त्रकार तथा स्मृतिकारका रूपमा उल्लेख गरेको छ । ऋषि वशिष्ठले 'वशिष्ठ धर्मसूत्र' र 'वशिष्ठ संहिता'जस्ता ग्रन्थहरूको रचना पनि गरेका थिए । पौराणिक साहित्यअनुसार यिनी ब्रह्माका एक मानस पुत्र हुन् । यिनको विवाह दक्षप्रजापतिकी छोरी उर्जासँग भएको थियो । एक मिथकअनुसार सतीदेवीले दक्षप्रजापतिको यज्ञकुण्डमा पसेर देहत्याग गरेपछि भगवान् शिवले ऋषि वशिष्ठको पनि वध गरेका थिए (शर्मा, १९९९, पृ. ८१८) । ऋषि वशिष्ठको आश्रम देवघाटमा छ । देवघाटबाट तनहुँतर्फ केही माथि रहेको एउटा गुफा ऋषि वशिष्ठको तपस्थली तथा आश्रम हो । चुन ढुङ्गाबाट बनेको यो गुफा निकै सुन्दर छ । यसै गुफामा बसेर अघि रामलक्ष्मणलाई ऋषि वशिष्ठले उपदेश दिएका थिए (तिम्सिना, २०६४, पृ. ९७) ।

### वाल्मीकि आश्रम

वाल्मीकि आश्रम नवलपरासी जिल्लाको नारायणी, सोना र पन्चानदीको सङ्गम त्रिवेणी तीर्थदेखि पारि थोरै पूर्वतर्फ चितवनको ठोरीमा अवस्थित छ (भट्टराई, २०६७, पृ. २७९) । वाल्मीकि आश्रमस्थान प्रसिद्ध हरिहरक्षेत्र

तथा भगवान् विष्णुको पाउ हो । यसै ठाउँमा लव कुशको जन्म भएको थियो । अतः यो क्षेत्रलाई लवकुशको जन्मभूमि तथा पुण्यभूमिका रूपमा लिइन्छ (गुरुङ, २०६७, पृ. २४६) । अघि त्रेतायुगमा महर्षि वाल्मीकिले यसै स्थानमा बसी वाल्मीकि रामायणजस्ता लौकिक काव्यको सिर्जना गरेका थिए । यसै स्थानमा भगवान् रामको पावन रामचरित्र लोकमा विश्रुत भएको थियो । साथै भगवती सीताले आफ्नो जीवनको उत्तरभाग व्यतीत गरेकी थिइन् । ऋषि वाल्मीकि हरिहरका अनन्य भक्त थिए । उनको आश्रम प्रसिद्ध हरिहर क्षेत्रमा रहनु स्वाभाविक थियो । यस क्षेत्रमा सन् १९६५ मा नेपाल तथा भारतका खोजकर्ताहरूको संयुक्त प्रयासमा अन्वेषण गरियो । विभिन्न प्रकारका पुरातात्त्विक सामग्री प्राप्त भएका थिए । प्राप्त सामग्री, चक्रतीर्थ, निर्झर त्रिवेणी, अश्वमेध घोडाको यात्राक्रमका साथै पौराणिक साहित्यको वर्णका आधारमा उक्त अध्ययन टोलीले यो क्षेत्रमा वाल्मीकि आश्रम रहेको स्वीकार गरेको हो । माघकृष्ण औँसीका दिन ऋषि वाल्मीकि निधन भएको स्मृतिमा यस दिन यहाँ मेला लाग्ने गर्दछ (भट्टराई, २०६७, पृ. २७९ र ३३८) ।

## विभाण्डक आश्रम

पौराणिक साहित्यहरूमा विभाण्डकलाई कश्यप कुलमा जन्मिएका, हरिया र पहेँलो वर्णका आँखा, शरीरभरि बाक्ला र लामालामा रौँ भएका ऋषिका रूपमा उल्लेख गरेका छन् (शर्मा, १९९९, पृ. ८४४) । यिनी ऋष्यश्रृङ्ग ऋषिका बाबु थिए । यिनको आश्रम हिमवत्खण्डको कोशीको किनारमा थियो । एकपटक विभाण्डक ऋषि तालको छेउमा तपस्या बसिरहेका थिए । त्यसतालमा स्नानगर्न आएकी अप्सरा उर्वशीलाई देखेर काममोहित भए । वीर्यपतन भई तालको पानीमा खस्यो । एउटी पोथी मृगले तालको पानी खाँदा विभाण्डक ऋषिको वीर्य पनि परेछ । गर्भवती मृगिणीबाट गैँडाको जस्तो सिङ्गयुक्त बालकको जन्म भयो । ऋषि विभाण्डकले त्यो बालकको नाम श्रृङ्गी अथवा ऋष्यश्रृङ्ग राखे (पन्थी, २०४२, पृ. ५३-५४) ।

## विश्वामित्र आश्रम

विश्वामित्र आश्रमलाई संस्कृत साहित्यमा सिद्धाश्रम भनिएका सन्दर्भहरू पाइन्छन् । पौराणिक साहित्यमा ऋषि विश्वामित्रका विषयमा धेरै वर्णन भेटिन्छ । यद्यपि यिनको आश्रमका बारेमा पुराणहरूमा कहीँ पनि उल्लेख छैन । केही विद्वान्हरूले पूर्वी नेपालको वराह क्षेत्रदेखि दक्षिण रामधुनीमा हुनसक्ने अनुमान गरेका छन् (खतिवडा, २०७४, पृ.११३३) । यिनले कोकाह र कौशिकीको तटमा तप तथा यज्ञ गरेको विवरण पाइन्छ । त्यस बखत जपतप तथा सिद्धिका निमित्त यज्ञादि अनुष्ठान सम्पादन गर्दा यिनलाई मारीच र सुबाहुजस्ता राक्षसहरूले धेरै दुःख दिए । यी दुई असुर असाध्यै शक्तिशाली थिए । यो विषयको ज्ञान महर्षि विश्वामित्रलाई नहुने कुरै भएन । ऋषि विश्वामित्रलाई श्रीरामचन्द्रबाहेक यिनीहरूको वध अन्य कसैले गर्न नसक्ने कुराको ज्ञान पनि थियो । अतः महर्षि विश्वामित्रले यिनीहरूको वध गरी यज्ञादि कर्मको रक्षार्थका निम्ति रामलक्ष्मणलाई डाकेका थिए (मरासिनी, २०६९, पृ. ५१) । यी सन्दर्भका आधारमा यिनको आश्रम कोकाह र कौशिकीको तटमा थियो भन्न सकिन्छ ।

## व्यास आश्रम

ऋषि व्यास आश्रम तनहु जिल्लाको दमौली बजारदेखि आठसय मिटर दक्षिण मादी र सेतीको सङ्गमको पूर्वतर्फ अवस्थित गुफा हो । यसलाई व्यासगुफाका नामले चिनिन्छ । यो प्राकृतिक ओडार निकै पुरानो हो ।

लगभग ४०।५० फिट लम्बाइको यस गुफाभित्र वेदव्यास र भगवान् शिवका मूर्ति छन् (भट्टराई, २०६७, पृ. २८०)। व्यासगुफा आकारमा ठुलो एवम् दुई तलाको छ । माथिल्लो तला ध्यानगुफा हो । यसलाई ध्यानगर्न प्रयोग गरिन्छ । भुइँखण्ड ज्ञानगुफा हो । ध्यानगुफामा ध्यान गरेर प्राप्त ज्ञानलाई ज्ञानगुफामा बसेर प्रसार गरिन्थ्यो । हिजोआज माथिल्लो तलाको ध्यानगुफामा भने सहज रूपमा जान सकिँदैन (गुरुङ, २०६७, पृ. ९३) । मादी र सेतीको द्वीपमा पराशर ऋषिबाट पुराण र संहिताकर्ता एवम् वेदशास्त्रका प्रवर्तक मत्स्योदरी पुत्र कृष्णद्वैपायन व्यासको जन्म भएको वर्णन गण्डकी माहात्म्यमा पाइन्छ (अधिकारी, २०५५, पृ. १२५) ।

ऋषि वेदव्यासले लामो साधनापछि यसै आश्रममा वेदको सार, उन्नत मानव मस्तिष्कको पराकाष्ठा अवस्थाको द्योतक ब्रह्मसूत्र र भगवत्गीताको रचना गरेका थिए (गुरुङ, २०६७, पृ. ३४३) । सेतीनदी तार्ने क्रममा मर्हर्षि पराशर र मत्स्यगन्धा बिचमा समागम भयो । व्यास जन्मिए । प्रसिद्ध तीर्थस्थल बन्यो । प्रत्येक वर्ष माघेसङ्क्रान्तिमा यहाँ ठुलो मेला चल्दछ । स्वदेश तथा विदेशबाट समेत भक्तजनहरू व्यासदर्शन गर्न आउँछन् । यहाँ वेदव्यासको मूर्तिसहितको शिखरशैलीको मन्दिर पनि छ (भट्टराई, २०६७, पृ.२८०-२८१) ।

यो देश सर्बप्रथम साहित्यको रचना गर्ने व्यासले तपस्या गरेको पुण्यभूमि हो । यहाँ दशहजार वर्षसम्म ऋषि व्यासले तपस्या गरेका थिए । आफ्नो आश्रममा बसेर चार लाख श्लोकका पुराणहरूको रचना गरे । यसै आश्रममा नै बसी यिनले वेदलाई चार भाग लगाए । व्यास आश्रम नेपालको उत्तोमोत्तम तीर्थ हो । यसको दर्शनमात्र मिल्नसके मानिसले मोक्ष प्राप्त गर्दछ । महादेव स्वयम् कुटुम्वेश्वरका रूपमा यस क्षेत्रमा विराजमान छन् । सन्तान नहुनेले यहाँको शुक्ला गण्डकीमा स्नान गरी व्यासको दर्शन गर्नाले सन्तान प्राप्त हुन्छ । यही तीर्थमा तपस्या गर्नाले दक्षप्रजापतिलाई सवालाश्वर हर्यश्व, छोरी एवम् प्रजापति पदसमेत प्राप्त भएको थियो ।

## शमिक आश्रम

शमिकका विषयमा पौराणिक साहित्यमा उल्लिखित एक मिथकले यिनलाई गाईको गोठमा बसी बाछाले दुध चुस्ता निस्कँने फिँज चाटेर जीवन निर्वाह गर्ने ऋषि भनेको छ (शर्मा, १९९९, पृ.८८४) । प्रचलित जनविश्वासअनुसार परीक्षित यिनको अपमान गर्दथे । एकदिन मौनधारण गरी बसेका बखत यिनका घाँटीमा परीक्षितले मरेको सर्प हालिदिएछन् । यस्तो अपमानजनक कार्य गर्दा पनि उनले परीक्षितलाई केही गरेनन् । शमिकका छोरा श्रृङ्गिले भने परीक्षितलाई सर्पले डसेर सात दिनभित्र मृत्यु होओस् भन्ने श्राप दिए तथापि यिनले परीक्षितलाई सम्मानका साथ आफ्नो आश्रममा ल्याउन शिष्य गौरमुखलाई पठाएका थिए । यिनको आश्रम सुनसरी जिल्लाको चतरामा थियो । यिनले लामो समयसम्म सप्तकोशीको किनारमा तपस्या गरेका थिए ।

## शालङ्कायन आश्रम

यिनलाई सर्वोत्कृष्ट ऋषि मानेर युधिष्ठिरले सम्मानसाथ आफ्नो राजसूय यज्ञमा निम्ता गरे । युधिष्ठिरले आदरका साथ लिन जाँदा यिनी सहजै उक्त यज्ञमा सहभागी भए । शालङ्कायन ऋषिको आश्रम मुक्तिनाथमा थियो । मुक्तिनाथमा यिनले धेरै कालसम्म तपस्या गरे । अर्जुनले लिएर गएका थिए । मुक्तिनाथ शालग्राम क्षेत्रमा थियो । त्यहाँ मरीचि र गण्डर्षि ऋषिका साथै पुलस्त्य ऋषि पनि तपस्या गरेर बस्दथे । यो सन्दर्भले यिनको आश्रम पनि मुक्तिनाथ क्षेत्रमा नै हुन सक्ने सङ्केत गर्दछ ।

## शृङ्गा आश्रम

गुल्मी जिल्लाको रेसुङ्गा ऋष्यश्रृङ्गाको आश्रमस्थल तथा तपोभूमि हो । ऋषिश्रृङ्गाकै नामबाट रेसुङ्गा नाम रहेको विश्वास गरिन्छ । ऋषिश्रृङ्गाले चिदीचौर, रेसुङ्गा,तम्घास, सावनी, रुरुक्षेत्र र अर्गलीमा तपस्या गरेका थिए । उनले तपस्या गरेको स्थानलाई अहिले सानो रेसुङ्गा भनिन्छ । ऋषिश्रृङ्गा सम्बन्धित गुल्मी तम्घासमा

एउटा यज्ञशाला छ । यसको जीर्णोद्धार १९८४ मा प्रभु यदुकानन्दले गरेका थिए (गौतम, २०६४, पृ.४१-४२) । ५० फिट चौकोस तथा ३० फिट उचाइ भएको यो यज्ञशाला नेपाली शैलीमा बनेको छ । तामाको पाताले छाएको यस स्मारकको शीर्षभागमा रहेको सुनको मोलम्बायुक्त गजुर पनि प्रभु यदुकानन्दले नै जडान गरेका हुन् । यो क्षेत्र त्रेता युगमा ऋषिश्रृङ्गाको क्रीडाभूमि थियो (भट्टराई, २०६७, पृ. २६२) ।

गुल्मी जिल्लाको प्रसिद्ध धार्मिकस्थल रुरुक्षेत्रभन्दा करिब २ कोस माथि सिरुङ्गा लेक छ । यहाँ पनि ऋषिश्रृङ्गाको आश्रम थियो । यस स्थलमा पनि रेसुङ्गामा जस्तै मन्दिर तथा विभिन्न भग्नावशेष पाइन्छन् । त्यसैले यो प्राचीन महत्त्व बोकेको स्थल हो । यहाँ ऋषिशृङ्गाले स्थापना गरेको शृङ्गेश्वर महादेवको मन्दिर छ । हात्तीमाथि सबार ऋषिश्रृङ्गाको आकृति यहाँको अर्को महत्त्वपूर्ण सामग्री हो । ऋषिशृङ्गाको आश्रमभित्र कहिल्यै नसुक्ने जलकुण्ड छ । उक्त कुण्डमा भक्तजनहरू साउन महिनाभरि स्नान गर्ने गर्दछन् । विशेष मेला भने श्रावणकृष्ण औँसीमा चल्दछ । यस आश्रमको संरक्षण, संवर्द्धन तथा मेलापर्व सञ्चालनको व्यवस्थापनका निम्ति पतिराम साधुले चन्दा सङ्कलनबाट उठेको रकमले गुठी राखिदिएका छन् (भट्टराई, २०६७, पृ. ३०५)।

## हरिहर आश्रम

हरिहर आश्रम कास्की जिल्लाको मलाममा छ । गुफावन, बाबाजीको वन, सलाम गुफा, हरिहर मन्दिर र हरिहरगुफा यस आश्रमलाई चिनाउने अन्य नाम हुन् । यो आश्रम पोखरा बजारबाट दुई माइल टाढा छ । वरिपरि वनजङ्गलले घेरिएर बिचमा रहेको एउटा थुम्को नै आश्रमस्थल हो । यो आश्रमको निर्माण वि.स. १९०६ मा दिगम्बर बाबाका शिष्य अम्बर गिरीले गरेका हुन् । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुरले सम्बन्धित क्षेत्रको वनजङ्गल फँडानी गरी हरिहर आश्रम बनाउन सहमती दिएपछि यो आश्रम निर्माण गरिएको हो (भट्टराई, २०६७, पृ. ३३४-३३५) । यस आश्रमको व्यवस्थापन अम्बर गिरीकै सन्ततिहरूले गर्दै आएका छन् । अम्बर गिरीपछि सहदेव, केशव र देव गिरीले यस आश्रमको सञ्चालन गरेको देखिन्छ । यस क्षेत्रमा हरिहर, शिव, हनुमान्लगायतका देवीदेवताहरूका मूर्ति छन् तर ती त्यति पुराना भने होइनन् । यहाँ विशेषतः वैदिक विधिअनुसार पाञ्चायन तथा हरिहरको पूजाउपासना गर्ने चलन छ । रुद्रीपाठ, हवन, विवाह तथा व्रतबन्धजस्ता धार्मिक एवम् सांस्कृतिक अनुष्ठानहरू सम्पन्न गरिन्छन् । यहाँ शिवरात्री र बालाचतुर्दशीमा मेला लगाइन्छ । त्यसबखत विभिन्न विद्वान्हरूका बिचमा धर्म, दर्शन, नीति, संस्कृतिजस्ता विषयहरूमा छलफल तथा अन्तर्क्रियासमेत गराउँदछन् । आश्रम सञ्चालनका लागि गुठीको व्यवस्था गरिएको छ ।

माथि समीक्षा गरिएका ऋषिमुनिहरूका तपस्थल तथा आश्रमका साथै बाबा गोरखनाथ, बालागुरु षडानन्द, गलेश्वरनाथ, फाल्गुनन्द, औलियाबाबा, महाप्रभु, खप्तडबाबाजस्ता धेरै सिद्धहरूले नेपालका विभिन्न ठाउँलाई आफ्नो साधना केन्द्र बनाएका थिए । ती स्थानहरू हिजोआज पनि प्रसिद्ध ज्ञानभूमि, तपोभूमि, धार्मिक तथा सांस्कृतिक स्थलका रूपमा दुनियाँमा परिचित छन् ।

## आश्रमको महत्त्व एवम् उपयोगिता

आश्रमलाई गुरुकुलका रूपमा पनि लिन सकिन्छ । त्यसो हुँदा आश्रम हिन्दुहरूका प्राचीन शिक्षाका केन्द्र थिए । विद्यार्थीले आफ्ना गुरुको छनोट गरी ज्ञान आर्जनका निमित्त तिनको आश्रममा जानु पर्दथ्यो । विशेषतः ६ वर्षदेखि ११ वर्ष उमेरका बालक गुरु आश्रममागई २५ वर्षसम्म शिक्षा लिने गर्दथे । आश्रम तथा गुरुकुलको व्यवस्थापनको सम्पूर्ण दायित्व र जिम्मेवारी राज्यको हुन्थ्यो (शर्मा, १९९९, पृ. २८७) । वास्तवमा ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास यी चारवटा आश्रममध्ये ब्रह्मचर्य आश्रम गुरुकुलमा रहेर ज्ञानार्जन गर्ने विश्रामस्थल हो । त्यहाँ रहँदा शिष्यले गुरुबाट व्यावहारिक तथा सैद्धान्तिक विषयमा पर्याप्त ज्ञानार्जन गर्दथे । यो पक्षले आश्रमको महत्त्व एवम् उपयोगिता पुष्टि गरेको छ ।

प्राचीन समयमा आश्रम शिक्षाआर्जन, जपतप, सिद्धि तथा अलौकिक चामत्कारिक र आमोदप्रमोद शक्ति प्राप्तिसँग सम्बन्धित ऋषिमुनितपस्वी तथा सिद्धहरूका पवित्र बासस्थान थिए । हिजोआज पनि आश्रमको प्राचीन कालको महत्त्व एवम् उपयोगितामा त्यति ह्रास आएको छैन । नेपालमा रहेका अत्रि आश्रम, और्व आश्रम, कपिल आश्रम, गण्डर्षि आश्रम, गौतम आश्रम, दुर्वासा आश्रम, देवदत्त आश्रम, ने मुनिको आश्रम, पराशर आश्रम, पाणिनि आश्रम, पुलस्त्य आश्रम, पुलहाश्रम, भरत आश्रम, भृगु आश्रम, मरीचि आश्रम, माण्डव्यआश्रम, वशिष्ठ आश्रम, वाल्मीकि आश्रम, विभाण्डक आश्रम, विश्वामित्र आश्रम, व्यास आश्रम, शमीक आश्रम, शालङ्कायन आश्रम, श्रृङ्गा आश्रम र हरिहरजस्ता आश्रमहरू वर्तमानमा पुरातात्त्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक परम्परा, लोकमिथक एवम् पर्यटकीय दृष्टिले निकै महत्त्वपूर्ण एवम् उपयोगी मानिन्छन् । मूलतः हिन्दुधर्म तथा सांस्कृतिक मूल्यमान्यतामा विश्वास राख्ने अनुयायीहरूमध्ये कतिपयले विभिन्न यज्ञयज्ञादि, होम, धार्मिक अनुष्ठान, सांस्कृतिक उत्सव, उपनयन, विवाह, अन्त्येष्टिजस्ता संस्कारगत कर्म, नैमित्तिक तथा पार्विक पूजाउपासना र वनभोजजस्ता कृत्यहरू उक्त आश्रमहरूमा सम्पादन गर्ने चलन छ ।

धार्मिक तथा सांस्कृतिक सन्दर्भले मात्र होइन उक्त आश्रमहरू पुरातात्त्विक एवम् ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण सम्पदा मानिन्छन् । कतिपय आश्रमस्थलहरूमा बेलाबखतमा गरिएका अन्वेषण तथा उत्खननबाट मूल्यवान् पुरातात्त्विक सामग्री प्राप्त भएका छन् । कतिपय आश्रमहरूमा देव, दानव, पितृ, ऋषिमुनि, तपस्वी, सिद्ध,योगी, जोगी, सन्त, महन्त, विद्वान्, विदुषी, अप्सरा, भूतप्रेत, धामीझाँक्री आदिका महत्त्वपूर्ण र रोमाञ्चक लोकमिथक जोडिएको इतिहास पाइन्छ । नेपालका माथि विवेचना गरिएका आश्रमहरूको अवस्थिति प्राकृतिक एवम् सांस्कृतिक दुबै दृष्टिकोणले महत्त्वपूर्ण छ । नदीकिनारका दोभान तथा त्रिवेणी, गुफा, कन्दरा, वनजङ्गल, उद्यान एवम् एकान्त स्थलमा रहेका हुँदा यहाँका आश्रमहरू पर्यटकीय दृष्टिले पनि उल्लेखनीय मानिन्छन् । प्रत्येक वर्ष ठुलो सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरूले भ्रमण गर्ने गरेको इतिहास छ । अतः कतिपय आश्रमहरूको अन्वेषण तथा उत्खनन संरक्षण संवर्द्धन, पर्यटकीय सेवासुविधा विस्तार तथा प्रचारप्रसारजस्ता आधारभूत कामहरू गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

पूर्वीय धार्मिक ग्रन्थहरूमा वर्णन गरिएअनुसार नेपाल संसारको विशिष्ट देवभूमि हो । दुनियाँमा यो क्षेत्र एउटा त्यस्तो भूमि हो, जहाँ देव, दानव, ऋषिमहर्षि, अप्सरा, सिद्ध, योगी, जोगी, सन्त, महन्त, विद्वान्, विदुषी, पितृलगायत पशुपंक्षीहरूले समेत जप, तप, योग तथा साधनाका माध्यमबाट ज्ञान, सिद्धि र मोक्ष प्राप्त गरे । निरन्तर गरिरहेका छन् । त्यसोहुँदा नेपाललाई दुनियाँको ज्ञान, सिद्धि र मोक्षप्रदायिनी पवित्रस्थल मान्न सकिन्छ । यहाँ प्राचीन कालदेखि नै ऋषिमहर्षिहरूले आश्रममा बसेर तपस्या गरे । उनीहरूबाट नयाँनयाँ ज्ञान तथा प्रज्ञाको आविष्कार भयो । ठुलठुला काव्यकीर्तिहरू रचना गरिए । प्रथा तथा प्रथाजनित कानुन लेखिए । ब्रह्म, जीव तथा जगत् जस्ता विषयका बारेमा सिद्धान्त उत्पादन गर्ने कार्य भयो । वास्तवमा ती ऋषिमहर्षि तथा उनीहरूले हजारौं वर्ष आफ्नो आश्रय बनाएका आश्रमहरू इतिहास, समाज तथा संस्कृतिका बारेमा शोधखोज गर्नेहरूका निम्ति महत्त्वपूर्ण विषय बन्न सक्दछन् । त्यसो हुँदा यस लेखमा माथि उल्लिखित केही आश्रमहरूको अध्ययन गरिएको हो ।

## सन्दर्भ सामग्री

अधिकारी, टीकाराम (२०५५). **गण्डकी माहात्म्यम्.** दाङः महेन्द्रसंस्कृति विश्वविद्यालय ।

खड्का, पवित्रबहादुर (२०७१). **तीर्थसार सङ्ग्रह.** काठमाडौँः पवित्रबहादुर खड्का ।

खतिवडा, वैकुण्ठशरण (?). **नेपाल माहात्म्य.** काठमाडौं : एकीकृत हातेमालो समाज नेपाल ।

खतिवडा, सोमप्रसाद (२०७४). **नेपाली संस्कृति विश्वकोश.** काठमाडौं : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

खत्री, प्रेमकुमार (२०५५). **उत्पत्तिः मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन.** कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

गुरुङ, जगमान (२०६७). **गण्डकीप्रसवणक्षेत्रको सांस्कृतिक सम्पदा.** काठमाडौँ : पश्चिमाञ्चल विकास मञ्च ।

गौतम, यज्ञप्रसाद (२०६४). 'रेसुङ्गाको सांस्कृतिक धार्मिक र पर्यटकीय महत्त्व'. कीर्तिपुर : स्नातकोत्तर अप्रकाशित शोधप्रबन्ध, नेपाली इतिहास,संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि. ।

जोशी, हरिराम (२०३०). **नेपालको प्राचीन अभिलेख**. काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

तिम्सिना, नारायणप्रसाद (२०६४). **देवघाटको सांस्कृतिक अध्ययन.**काठमाडौँ : नेपाल र एसियाली अनुसन्धानकेन्द्र।

पन्थी, टीकाराम (२०४२). **केही जनश्रुतिहरू**. गुल्मी : किरण पुस्तकालय ।

पोखरेल, शालिग्राम (२०६५). **पाणिनिको तपोभूमि.** काठमाडौं : भारद्वाज पोखरेल समाज।

पाण्डे, रामनिवास र रेग्मी दिनेशचन्द्र (२०५४). **नेपालको पौराणिक इतिहास**.काठमाडौँ : नेपाल एसियाली अध्ययन संस्थान ।

भट्टराई, घटराज (२०६७). **नेपालका धार्मिक स्थलहरू** *(सांस्कृतिक कोष),* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मरासिनी, बासुदेव (२०६९). **हनुमान् चरित्र.** काठमाडौँ : सतीश मरासिनी, सन्तोष मरासिनी, सुधीर मरासिनी ।

लाकोजू, सूर्यप्रसाद (२०६५). **पनौती**. पनौतीः सविताकुमारी श्रेष्ठ ।

लुइँटेल, तिलकप्रसाद (२०६६). **यजुर्वेद**(अनु.).काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, तिलकप्रसाद (२०६९). **मनुस्मृति श्लोकसहित सरल नेपाली अनुवाद**. (अनु.) काठमाडौँ : पैरवी प्रकाशन ।

वज्राचार्य, धनबज्र (२०३०). **लिच्छविकालका अभिलेख**. काठमाडौँ : नेपाल एसियाली अध्ययन संस्थान ।

शर्मा, युवराजगौतम (२०६२). 'रुरुक्षेत्रको महिमाः केही विवेचना'. **गुल्मी परिचय.** काठमाडौँ : गुल्मेली समाज, पृ.८६-९५)।

शर्मा, लीलाधर (१९९९). **भारतीय संस्कृति कोश.** नयाँदिल्ली : राजपाल एण्ड सन्स।

श्री ५ को सरकार सञ्चार मन्त्रालय (२०३१). **मेचीदेखि महाकाली (भाग १).** काठमाडौं : श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग ।

Jha, M. (1971). **The sacred complex in Janakpur**. Allahabad: United Publishers.

Prabhu, P.N.H. (1963). **Hindu Social Organization.** 4th edition. Bombay: Popular Prkashan.

Pradhan, B. L. (?). **Lumbini- Kapilvastu- Dewadaha.** Kirtipur: Research Centre for Nepal and Asian Studies, T.U.

Sharma, J.L (1983). …Neolithic tools from Nepal. *Ancient Nepal*. Journal of the Department of Archaeology.(75):1-12.